# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## (शिक्षा,युवा तथा खेलकुद शाखा)
## आठविसकोट, रूकुम (पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

visit nepal 2020 Lifetime Experiences

सम्पर्क नं.
९८६८२९४३९०
९८४८१०५८२८


मितिः २०७७/०३/२९

पत्र संख्याः २०७६/०७७
चलानी नम्बर: ९४९६

विषयः- अनुदान सम्बन्धमा ।

श्री प्रधानाध्यापक ज्यू,
श्री ज्ञानोदय मा.वि.चौतारा
श्री सरस्वती मा.वि. मिग्री
श्री हिमालय मा.वि. दाँजे
श्री सहिद स्मृति नमुना मा.वि. राडी
श्री जनता मा.वि.झिन्चौर
श्री जनविकास मा.वि. घारीखोला
श्री जनकल्यान मा.वि.गोइरी
श्री आधारभुत विद्यालय गाँउबारी
श्री जनविकास मा.वि.ज्यामिरकोट
आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

प्रस्तुत विषयमा यस शाखाबाट आ.ब.२०७६/०७७ मा सशर्त अनुदान अन्तर्गत विद्यालयमा समयावधि सुधार योजना को प्रयोग शीर्षकमा त्यस विद्यालयमा निकासा गरिएको रु.२०००।–(दुई हजार) शिक्षण सिकाइ समय कार्यान्वयन कार्यविधि, २०७४ को परिधि भित्र रही खर्च गर्नहुन अनुरोध छ । साथै शिक्षण सिकाइ समय कार्यान्वयन कार्यविधि,२०७४ शिक्षा तथा मानव स्रोत विकास केन्द्रको Web site www.doe.gov.np वा यस नगरपालिकाको Web site बाट डाउनलोड गरि हेर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

ध्रुव प्रसाद लम्साल
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

visit nepal 2020 Lifetime Experiences

प.स.: यो.अ. २०७६/७७ मिति : २०७७।०३।२८

च.नं. : 898

विषय : शिक्षकको शिक्षण सिकाइमा विताउने समयावधि (TST) सुधार योजना कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा विद्यालय क्षेत्र विकास कार्यक्रम (जिल्लास्तर) अन्तर्गत आर्थिक बर्ष २०७६।०७७ को स्वीकृत कार्यक्रमको क्रियाकलाप नं २.७.१३.१३ (विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान ) मा शिक्षकको शिक्षण सिकाइमा विताउने समयावधि (Time Spent in Teaching- TST) सुधार योजना कार्यान्वयनका लागि विद्यालयलाई अनुदान शिर्षकमा त्यस स्थानीय तहमा सञ्चालित सम्पूर्ण सार्वजनिक विद्यालयलाई प्रति विद्यालय रु २०००। (दुई हजार) अनुदान उपलब्ध गराउन रकम विनियोजन भएको व्यहोरा विदितै छ।

उक्त रकम विद्यालयलाई उपलब्ध गराई सोबाट देहाय अनुसारको कार्य गर्ने गरी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/०७७ मा उल्लेख गरिएको :

- शिक्षक विद्यार्थी नियमितता मार्फत शिक्षण सिकाइ समयलाई अधिकतम उपयोग गरी प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकहरुको जवाफदेहिता तथा विद्यार्थी सिकाइ उपलब्धी अभिवृद्धिमा सहजीकरण गर्ने,
- शिक्षण सिकाइ समय मापन/कार्यान्वयन कार्यविधि -२०७४ का आधारमा कार्यसम्पादन गर्ने अनुदान उपलव्ध गराउँदा कार्यविधि लागू गर्ने निर्णय विद्यालय व्यवस्थापन समितिबाट भै आउनु पर्ने,
- यस शीर्षकमा प्राप्त रकमलाई विद्यालयले व्यवथापकीय क्षेत्रमा खर्च गर्ने,
- विद्यालयले कार्यविधि अनुसार कार्य सम्पादन गर्ने स्थानीय तह र इकाइले नियमित कार्य सम्पादनको अनुगमन गर्ने व्यवस्था मिलाउने ।
- स्थानीय तहले शिक्षक नियमितताको अनुगमन अभिलेख शिक्षा विकास तथा समन्वय इकाइ मार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने ।

उल्लिखित कार्यान्वयन प्रक्रिया अनुसार कार्यसम्पादन भएकै होला। तसर्थ उक्त क्रियाकलाप कार्यान्वयनका लागि उपलब्ध गराइएको अनुदानबाट त्यस स्थानीय तह अन्तर्गतका विद्यालयहरुमा उक्त क्रियाकलाप कार्यान्वयन भएको व्यहोराको पत्र शिक्षा विकास तथा समन्वय इकाइ मार्फत यस केन्द्रमा पठाउने व्यवस्था गरी सोको जानकारी मिति २०७७ श्रावण २३ गते भित्र यस केन्द्रको योजना तथा अनुगमन शाखा ( education.interaction@gmail.com) मा दिनुहुन निर्देशानुसार अनुरोध छ ।

पुनश्च : शिक्षण सिकाइ समय मापन/कार्यान्वयन कार्यविधि -२०७४ यसैसाथ संलग्न छ ।

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय ईकाइ (सबै) :

उल्लिखित कार्यको संयोजन गरी निर्धारित समयभित्र विवरण पठाउने व्यवस्था गर्नु हुन ।

रामचन्द्र शर्मा

शाखा अधिकृत

# शिक्षण सिकाई समय कार्यान्वयन कार्यविधि-२०७४

१. **पृष्ठभूमिः**

शिक्षक विद्यार्थी नियमितता लगायत विद्यालयको कुशल व्यवस्थापन मार्फत शिक्षण सिकाई समयलाई अधिकतम उपयोग गरी विद्यार्थीको सिकाई उपलब्धी अभिवृद्विमा सहजीकरण गर्नका लागि यो शिक्षण सिकाई समय कार्यान्वयन कार्यविधि २०७४ तयार गरिएको छ।

२. **उद्देश्यः**

यो कार्यविधिको उद्देश्य विद्यालय तथा कक्षाकोठामा हुने शिक्षण सिकाई समयलाई मापन तथा विश्लेषण गरी यसको अधिकतम उपयोग मार्फत विद्यार्थी नियमितता र सिकाई उपलब्धी अभिवृद्विमा सहजीकरण गर्नु रहेको छ।

३. **परिभाषाः**

**'शिक्षण सिकाई समय'** भन्नाले विद्यालयबाट तयार गरिएको समयतालिका अनुसार शिक्षकले शिक्षण सिकाई क्रियाकलापमा संलग्न भई कक्षाकोठामा विताएको समय लाई जनाउनेछ। साथै यस शव्दले शिक्षण सिकाई क्रियाकलापका सन्दर्भमा कक्षाकोठा वाहिर हुने स्थलगत अवलोकन भ्रमण, परियोजना कार्य, सह तथा अतिरिक्त क्रियाकलाप लगायतका पाठ्यक्रमले तोकेअनुसारका क्रियाकलापलाई समेत जनाउनेछ।

**'समय तालिका'** भन्नाले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रममा उल्लेखित पाठ्यभार पुरा हुने गरी विद्यालयबाट तयार पारिएको समय तालिकालाई जनाउनेछ।

**'विद्यालय खुल्ने दिन'** भन्नाले प्रचलित शिक्षा ऐन नियमावलीमा व्यवस्था भएको दिनलाई जनाउनेछ।

**'पठनपाठन हुने दिन'** भन्नाले प्रचलित शिक्षा ऐन नियमावली तथा पाठ्यक्रममा व्यवस्था भएअनुसार शिक्षण सिकाई क्रियाकलापका लागि तोकिएको दिन लाई जनाउनेछ।

४. **शिक्षण सिकाई समय का आधारभुत तत्वहरु (Basic elements of Teacher Time Spent on Teaching)**

क. विद्यालय खुल्ने दिन:

विद्यालय खुल्ने दिन प्रचलित शिक्षा नियमावलीमा तोकीएबमोजिम हुनेछ। विद्यालयको वार्षिक कार्यतालिका अनुसार शिक्षक तथा विद्यार्थी उपस्थिति हाजिरी पुस्तिकाका आधारमा विद्यालय खोलिएको दिन एकिन गरी गणना गरिनेछ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

ख. पठन पाठन हुने दिन:

पठनपाठन हुने दिन विद्यालयले तयार पारेको वार्षिक कार्यतालिकाको आधारमा गणना गरिनेछ । विद्यार्थी हाजिरी पुस्तिका र अनुसुची १ र २ मा उल्लेख भएअनुसारको कक्षागत तथा विषयगत शिक्षण अवधि फारामका आधारमा पठन पाठन भएको दिन एकिन गरी गणना गरिनेछ ।

ग. शिक्षक उपस्थिति :

विद्यालयले शिक्षक तथा कर्मचारीको लागि प्रयोग गरेको हाजिरी पुस्तिकाका आधारमा शिक्षकको उपस्थती गणना गरिनेछ।

घ. कक्षागत र विषयगत शिक्षण अवधि :

विद्यालयबाट सम्बन्धित तह/कक्षाको पाठ्यक्रममा उल्लेखित पाठ्यभार पुरा हुने गरी तयार गरिएको समय तालिकाका आधारमा अनुसुची १ र २ बमोजिम शिक्षकले कक्षागत तथा विषयगत रुपमा शिक्षण सिकाई समयका लागि बिताएको समय गणना गरिनेछ ।

५. अनुगमन व्यवस्था

५.१ विद्यालयस्तर

क. कक्षागत तथा विषयगत शिक्षण अवधि सम्बन्धि फारमहरु दैनिक तथा परियडगत रुपमा भर्नुपर्नेछ । सो फाराम शिक्षक स्वयम वा विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिमको व्यक्ति वा पदाधिकारीले भर्नुपर्नेछ । उक्त फारमलाई विद्यार्थीले समेत देख्न सक्ने गरी कक्षाकोठामा राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

ख. शिक्षण सिकाई समय सम्बन्धि फारमलाई प्रधानाध्यापकले साप्ताहिक रुपमा अवलोकन तथा प्रमाणित गर्नुपर्नेछ । साथै प्रधानाध्यापकले विषयगत तथा कक्षागत रुपमा शिक्षण सिकाई अवधिको विश्लेषण समेत गर्नुपर्नेछ ।

ग. शिक्षण सिकाई समय सम्बन्धी विद्यार्थीको कुनै गुनासो तथा सुझाव भएमा अनुसुची ३ बमोजिमको शिक्षण सिकाई समय कार्ड भरी विद्यालयले व्यवस्था गरेको गुनासो पेटिकामा राख्न सक्नेछन । साथै कक्षा अवलोकनकर्ताहरुले समेत यो कार्ड भर्न सक्नेछन । गुनासो पेटिकाको व्यवस्था गर्ने र उक्त पेटिकामा प्राप्त भएका गुनासोहरुको व्यवस्थापन गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

घ. शिक्षण सिकाई समय परिपालना सम्बन्धमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारी र प्रधानाध्यापकले समयसमयमा अनुगमन गर्नुपर्नेछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

५.२ स्रोतकेन्द्रस्तर

क. स्रोतव्यक्तिले विद्यालय निरीक्षण तथा अनुगमन गरेको समयमा कक्षागत तथा विषयगत शिक्षण अवधि फाराम, गुनासो कार्ड तथा सो सम्बन्धमा प्रधानाध्यापकले तयार गरेको विश्लेषण समेत हेरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुपर्नेछ।

५.३ जिल्ला वा स्थानीय तहको शिक्षा कार्यालय

क. जिल्ला वा स्थानीय तहको शिक्षा कार्यालयले आकस्मिक रुपमा अनुगमन गर्ने,गराउने व्यवस्था मिलाउनुपर्नेछ । अनुगमनकर्ताले विद्यालय निरीक्षण तथा अनुगमनको क्रममा कक्षागत तथा विषयगत शिक्षण अवधि फाराम, गुनासो कार्ड तथा सो सम्बन्धमा प्रधानाध्यापकले तयार गरेको विश्लेषण समेत हेरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुपर्नेछ।

६. प्रतिवेदन व्यवस्था

६.१ विद्यालयस्तर

क. प्रधानाध्यापकले शिक्षण सिकाई अवधि सम्बन्धी शिक्षकको स्वमूल्याँकन फारामहरु संकलन गरी अभिलेखन गर्नुपर्नेछ।

ख. प्रधानाध्यापकले विद्यालयको शिक्षण सिकाई समय परिपालना अवस्थाका सम्बन्धमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ पदाधिकारीहरुको बैठकमा प्रस्तुत गर्नुपर्नेछ र सुधारका निम्ति आवश्यक कार्य गर्ने।

ग. शिक्षण सिकाई समय सम्बन्धि विद्यार्थीबाट राखिएका गुनासाहरुलाई प्रधानाध्यापकले कक्षागत तथा विषयगत शिक्षण अवधि संग तुलनात्मक अध्ययन गर्नुपर्नेछ। साथै सो सम्बन्धमा सुधार गर्नुपर्ने विषय देखिएमा सम्बन्धित शिक्षकलाई जानकारी गराइ सो प्रकृतिका गुनासो नदोहोरीने व्यवस्था गर्नुपर्नेछ। प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको बैठकमा शिक्षण सिकाइ समय सम्बन्धि प्रतिवेदन उपर छलफल गरी आवश्यक सुधार गर्नुपर्नेछ।

घ. प्रधानाध्यापकले विद्यालयको शिक्षण सिकाई समयको मापन सम्बन्धि विश्लेषणको एक प्रति स्रोतकेन्द्रमा सम्भव भएसम्म विद्युतीय माध्यम प्रयोग गरी नियमित रुपमा बुझाउनुपर्नेछ।

६.२ स्रोतकेन्द्रस्तर

क. शिक्षण सिकाई समय परिपालना सम्बन्धमा स्रोतकेन्द्रस्तरीय मासिक प्रधानाध्यापक बैठकमा छलफल तथा समिक्षा गर्नुपर्नेछ।



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

ख. स्रोतव्यक्तिले यस कार्यविधि बमोजिम विद्यालयले गरेका राम्रा अभ्यासहरुलाई मासिक बैठकमा छलफलको विषय बनाउन सक्नेछन ।

ग. स्रोतव्यक्तिले वार्षिक रुपमा तयार गर्ने निरीक्षण सम्बन्धी प्रतिवेदनमा समेत यस विषय समावेश गर्नुपर्नेछ ।

६.३ जिल्ला वा स्थानीय तहको शिक्षा कार्यालय

क. जिल्ला वा स्थानीय शिक्षा कार्यालयले समष्टिगत अवस्था सहितको प्रतिवेदन आवश्यकतानुसार प्रदेश स्थित शिक्षा निकाय र प्रदेशले संघमा रहने सम्बन्धित शिक्षा निकायमा पेश गर्न सक्नेछ । संघ तथा प्रदेश स्थित शिक्षा निकायले मागेको वखत उक्त विवरण उपलब्ध गराउने स्थानीय तहको शिक्षा कार्यालयको कर्तव्य हुनेछ ।

७. शिक्षण सिकाई समय विश्लेषण तथा उपयोग

क. विद्यालयले शिक्षक उपस्थिति तथा शिक्षण सिकाई समयको पहिचान पश्चात प्राप्त अवस्थाको विश्लेषण गरी विद्यालय सुधार योजना तथा शिक्षण सुधार योजना तर्जुमाको आधारको रुपमा प्रयोग गर्नुपर्नेछ ।

ख. शिक्षक उपस्थिति तथा शिक्षण सिकाई समयको अवस्थालाई विद्यालयको सामाजिक परिक्षणमा समावेश गर्नुपर्नेछ ।

ग. स्रोतकेन्द्रले आफ्नो स्रोतकेन्द्र भित्रका विद्यालयहरुको शिक्षक उपस्थिति तथा शिक्षण सिकाई समयको समष्टिगत अवस्थाको विश्लेषण गरी योजना निर्माणमा उपयोग गर्ने साथै विद्यालय निरीक्षणको क्रममा यस कार्यविधिमा उल्लेख भएका विषय समेतलाई आधार वनाउदै विद्यालय तथा समुदायस्तरमा आवश्यकतानुसार प्राविधिक सहायता उपलब्ध गराउनु पर्नेछ ।

घ. स्थानीय तहको शिक्षा कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका विद्यालयहरुको अवस्था पहिचान र विश्लेषण गरी गुणस्तर सुधार सम्बन्धी योजनामा समावेश गर्ने । विद्यालय निरीक्षणको क्रममा यस कार्यविधिमा उल्लेख भएका विषय समेतलाई आधार वनाउदै विद्यालय तथा समुदायस्तरमा आवश्यकतानुसार प्राविधिक सहायता उपलव्ध गर्ने गराउनुपर्नेछ ।

८. प्रोत्साहन सम्वन्धि व्यवस्था

क. शिक्षण सिकाइ समय परिपालनालाई शिक्षक सेवा आयोग नियमावली २०५७ को अनुसुची १ को खण्ड घ (५) मा उल्लेखित कार्यसम्पादन मापन गर्ने आधारहरु मध्ये विद्यालय समय, कक्षाकोठा समय पालना, सदुपयोग तथा कक्षा व्यवस्थापन र सञ्चालन मूल्याँकनको आधारको रुपमा लिईनेछ ।

ख. शिक्षकलाई दिईने पुरस्कार तथा सम्मानलाई शिक्षण सिकाई समयको परिपालनासंग सम्वन्धित वनाईनेछ ।

ग. शिक्षण सिकाई समयलाई विद्यालयले पाउने कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको आधारको रुपमा लिईनेछ ।



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसुची-१

## कक्षागत र विषयगत शिक्षण अवधि फाराम

मिति:.......... देखि ........सम्म

महिना:...................

कक्षा :...................

| वार/पिरियड ► ↓ | पहिलो (१०:१५- ११:०० वजे) | दोस्रो (००:- ००:०० वजे) | तेस्रो (००:- ००:०० वजे) | चौथो (००:- ००:०० वजे) | पाँचो (००:- ००:०० वजे) | छेठौ (००:- ००:०० वजे) | सातौं (००:- ००:०० वजे) |
|---|---|---|---|---|---|---|---|
| आईतवार | नेपाली<br>१०:२०- ११:०० वजे<br>कक्षा प्रवेश समय:-........<br>कक्षा वाहिरिएको समय:-......<br>हस्ताझर:- ...... | ....... | ........ | ........ | ....... | ....... | ....... |
| सोमवार | अंग्रेजी<br>.................... | ....... | ........ | ........ | ....... | ....... | ....... |
| मंगलवार | गणित<br>....................<br>.................... | ....... | ........ | ........ | ....... | ....... | ....... |
| बुधवार | सामाजिक<br>....................<br>.................... | ....... | ........ | ........ | ....... | ....... | ....... |
| विहिवार | विज्ञान<br>....................<br>.................... | ....... | ........ | ........ | ....... | ....... | ....... |
| शुक्रवार | स्वा ज वा<br>....................<br>.................... | ....... | ........ | ........ | ....... | ....... | ....... |

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

अनुसुची-२

## कक्षागत र विषयगत शिक्षण अवधि समष्टिगत फाराम (विद्यालयगत र तहगत)

विद्यालयको नाम :- ........ सञ्चालित कक्षा :-

महिना :- ......... शै.स.:............

विद्यालय खुलेको दिन:- ........ पठनपाठन भएको दिन :-

| सिन | तह/कक्षा | औषत शिक्षण सिकाई समय (घण्टा) | कैफियत |
|---|---|---|---|
| क | तहगत | | |
| १ | प्रारम्भिक वालविकास कक्षा | | |
| २ | कक्षा १-५ | | |
| ३ | कक्षा ६-८ | | |
| ४ | कक्षा १-८ | | |
| ५ | माध्यमिक कक्षा ९-१० | | |
| ६ | माध्यमिक कक्षा १०-१२ | | |
| ख | विषयगत (कक्षा ६ देखि १२ सम्मका विषय) | | |
| १ | नेपाली | | |
| २ | अंग्रेजी | | |
| ३ | गणित | | |
| ४ | विज्ञान | | |
| ५ | सामाजिक | | |
| ६ | स्वास्थ जनसंख्या तथा वातावरण | | |
| ७ | ......... | | |

तयार गर्ने प्रमाणित गर्ने

नेपाल सरकार
शिक्षा मन्त्रालय

नोट:- विश्लेषणका लागि निम्न आधार लिन सकिनेछ।

१. यो फाराम अनुसारको विवरण विद्यालयबाट मासिकरुपमा स्रोतकेन्द्रमा र स्रोतकेन्द्रले प्राप्त फारामहरुको त्रैमासिक रुपमा समष्टिगत विवरण तयार गरी स्थानीय तहको शिक्षा कार्यालयमा पेश गर्नुपर्नेछ।

२. माथिको तालिकामा उल्लेखित औषत शिक्षक उपस्थिति र औषत शिक्षण सिकाइ समय गणना गर्दा निम्नानुसारका सुत्र प्रयोग गर्नुपर्नेछ;

क. औषत शिक्षक उपस्थिति (विद्यालयगत/तहगत) दर प्रतिशतमा = शिक्षकहरु उपस्थित भएको जम्मा दिन * १००
विद्यालय खुलेको जम्मा दिन * जम्मा शिक्षक संख्या

ख. औषत शिक्षण सिकाई समय (विषय/शिक्षकगत) दर प्रतिशतमा = शिक्षण सिकाई जम्मा समय * १००
समय तालिका अनुसार शिक्षण सिकाई गर्नुपर्ने जम्मा समय

ग. औषत शिक्षण सिकाई समय (तहगत) दर प्रतिशतमा = शिक्षण सिकाई जम्मा समय * १००
समय तालिका अनुसार शिक्षण सिकाई गर्नुपर्ने जम्मा समय* शिक्षक संख्या

घ. औषत शिक्षण सिकाई समय (विषयगत) दर प्रतिशतमा = शिक्षण सिकाई जम्मा समय (विषयगत) * १००
समय तालिका अनुसार शिक्षण सिकाई गर्नुपर्ने जम्मा समय (विषयगत)

ङ औषत शिक्षण सिकाई समय (तहगत) दर प्रतिशतमा = शिक्षण सिकाई जम्मा समय (तहगत) * १००
समय तालिका अनुसार शिक्षण सिकाई गर्नुपर्ने जम्मा समय (तहगत)* शिक्षक संख्या(तहगत)

नोट:- उपरोक्तानुसारको सुत्र प्रयोग गरी विद्यालयगत,तहगत, विषयगत रुपमा मासिक, त्रैमासिक,वार्षिक वा आवश्कतानुसार गणना गर्न सकिनेछ।

अनुसुची-३

शिक्षण सिकाई समय कार्ड

कक्षा:-

मिति:-....

| पिरीयड | विषय | पढाई भएको समय | | गुनासो तथा सुझाव |
|---|---|---|---|---|
| | | सुरु समय | समाप्ति समय | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल